मुड्केचुला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

स्थानीय राजपत्र

खण्ड :- ०६ **सङ्ख्या :-४६** **मिति :-२०८०/९/१६**

भाग-०६

मुड्केचुला गाउँपालिका प्रधानाध्यापक छनौट तथा पदस्थापना सम्बन्धी कार्यविधि, २०८०

प्रस्तावना:- मुड्केचुला गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा सक्षम, योग्य र दक्ष प्रधानाध्यापकको नियुक्ति गरी विद्यालयको व्यबस्थापनमा सुधार गर्दै शिक्षाको गुणस्तरमा सुधार गर्न आबश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम ऐ. ऐनको दफा ११ को उपदफा २ को (ज) मा उल्लिखित गाउँपालिकाको शिक्षासम्बन्धी काम, कर्तव्य र अधिकारलाई कार्यान्वयन गर्न एवं शिक्षा व्यवस्थापन कार्यबिधिको परिच्छेद ९ मा भएको प्रधानाध्यापक र शिक्षकको नियुक्ति तथा काम, कर्तव्य र अधिकारलाई थप विस्तृत गर्न गाउँ कार्यपालिकाको मिति २०८०।०९।१६ को बैठकले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ।

परिच्छेद १
प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ:** यस कार्यविधिको नाम प्रधानाध्यापक छनौट तथा पदस्थापन कार्यबिधि २०८० रहेको छ।

२. यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ।

३. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

क. **कार्यविधि** भन्नाले प्रधानाध्यापक छनौट तथा पदस्थापन कार्यविधिलाई जनाउँछ।

ख. **गाउँपालिका** भन्नाले मुड्केचुला गाउँपालिकालाई जनाउँछ।

ग. **कार्यपालिका** भन्नाले मुड्केचुला गाउँपालिकाको गाउँ कार्यपालिकालाई जनाउँछ।

घ. **प्रमुख** भन्नाले मुड्केचुला गाउँपालिकाको प्रमुखलाई जनाउँछ।

ङ. **उप प्रमुख** भन्नाले मुड्केचुला गाउँपालिकाको उप प्रमुखलाई जनाउँछ।

च. **प्रमुख प्रशासकीय अधिकृत** भन्नाले मुड्केचुला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ।

छ. **शिक्षा प्रमुख** भन्नाले मुड्केचुला गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद महाशाखाका प्रमुखलाई जनाउँछ।

ज. **समिति** भन्नाले प्रधानाध्यापक छनौट समितिलाई जनाउँछ।

झ. **शिक्षा व्यवस्थापन कार्यबिधि** भन्नाले गाउँपालिकाको शिक्षा व्यवस्थापन कार्यबिधि २०७५ लाई जनाउँछ।

परिच्छेद २
कार्यविधिको उद्देश्य

४. कार्यविधिका निम्न उद्देश्यहरु रहेका छन्।

(क)तहगत रुपमा योग्य र दक्ष प्रधानाध्यापक नियुक्ति गर्ने।

(ख) विद्यालयको सञ्चालन र व्यवस्थापनमा सुधार गर्ने।

(ग) शैक्षिक गुणस्तर अभिबृद्धी गर्ने।

(घ) शैक्षिक सुशासन कायम गर्ने।

परिच्छेद ३
प्रधानाध्यापकको नियुक्ति सम्बन्धी व्यवस्था

५. प्रधानाध्यापक सम्बन्धी व्यवस्था:

५.१. विद्यालयको शैक्षिक, प्रशासनिक र व्यवस्थापकीय कार्यको लागि प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापकको व्यवस्था हुनेछ। प्रधानाध्यापक विद्यालयको व्यवस्थापकीय प्रमुख हुनेछ।

५.२. एउटा सामुदायिक विद्यालयमा लगातार तीन कार्यकाल भन्दा बढी एउटै व्यक्ति प्रधानाध्यापक हुन सक्ने छैन।

५.३. पदबाट हटाउन सकिने: दफा ५ को उपफा २ मा जुनसुकै कुरा उल्लेख भएको भएतापनि देहायको अबस्थामा सामुदायिक विद्यालयको प्रधानाध्यापकलाई जुनसुकै बखत हटाउन सकिने छ।

क. ईमान्दार पूर्बक निजले पदीय जिम्मेबारी पालना नगरेमा।

ख. गाउँपालिकाको शिक्षा व्यवस्थापन कार्यबिधि र यस कार्यविधि विपरित कार्य गरेमा।

ग. विद्यालयको चल अचल सम्पत्ति हिनामिना गरेको प्रमाणित भएमा।

घ. नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरिएमा ।

ङ राजनीतिक दलको सदस्यता लिएको पुष्टी भएमा।

६. सामुदायिक विद्यालयको प्रधानाध्यापकलाई दफा ५ को उपदफा ३ अनुसार हटाउनु गाउँ कार्यपालिकाले एक तीन सदस्यीय छानबिन समिति बनाउने छ। सो समितिले निजलाई हटाउने आधार भए नभएको जाँचबुझ गर्नेछ। जाँचबुझ गर्दा हटाउनु पर्ने देखेमा सोको स्पष्ट आधार खोली राय सहितको प्रतिबेदन गाउँपालिकामा सिफारिस गर्नेछ।

७. दफा ६ बमोजिम पेश भएको सिफारिस समेतको आधारमा प्रधानाध्यापकलाई ७ दिनको समय दिई सफाई पेश गर्ने मौका दिनेछ। निजले दिएको सफाई चित्त नबुझेमा निजलाई प्रधानाध्यापकबाट हटाइनेछ।

८. प्रधानाध्यापक नियुक्तिको लागि सूचना प्रकाशन गर्ने:

८.१ प्रधानाध्यापक पदमा खुला नियुक्तिको लागि गाउँपालिकाले १५ पन्ध्र दिनको समय दिई गाउँपालिकाले सूचना प्रकाशन गर्ने छ।

८.२ उपदफा १ बमोजिम प्रधानाध्यापक नियुक्तिको लागि सबै सामुदायिक विद्यालयमा एकै पटक वा चरणबद्ध रुपमा वा पटक पटक गरी सूचना प्रकाशित गर्न सकिनेछ।

८.३ खुला नियुक्ति सम्बन्धी सूचना विद्यालयमा समेत पठाउनु पर्नेछ।

९. दरखास्त दिने

९.१ दफा ८ बमोजिम सूचना प्रकाशन भए पछि दफा १० बमोजिम योग्यता पुगेका शिक्षकले तोकिएको समय सीमा भित्र आबश्यक कागजात सहित प्रधानाध्यापकको लागि आबेदन दिन सक्नेछन्।

९.२ उपदफा १ बमोजिम दरखास्त दिंदा 'अनुसूची १' मा उल्लिखित ढाँचामा आबश्यक पर्ने कागजात सहित पेश गर्नुपर्ने छ।

९.३ गाउँपालिकाको शिक्षा महाशाखाले पेश हुन आएका आबेदन संकलन गरी प्रधानाध्यापक छनौट समितिमा पेश गर्ने छ।

१० प्रधानाध्यापक हुनको लागि आबश्यक योग्यता: प्रधानाध्यापकमा दरखास्त दिनको लागि देहायको योग्यता हुन आबश्यक छ ।

क. आधारभूत तह कक्षा १-३ वा १-५ को लागि

१. मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उत्तिर्ण गरेको।

२. सम्बन्धित तहको स्थायी शिक्षक पदमा कार्यरत रहेको।

३. कुनै राजनीतिक दलको सदस्य नभएको।

४. विद्यालय व्यबस्थापन सम्बन्धी वा शिक्षक पेशागत विकासको तालिम प्राप्त गरेको।

५. असल आचरण भएको।

६. नेतृत्व र व्यवस्थापनको सीप भएको।

७. विगत दुई बर्षदेखि कुनै सजाय नपाएको।

ख. आधारभूत तह कक्षा १-८ को लागि

१. मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उत्तिर्ण गरेको।

२. सम्बन्धित तहको स्थायी शिक्षक पदमा कार्यरत रहेको।
३. कुनै राजनीतिक दलको सदस्य नभएको।
४. विद्यालय व्यबस्थापन सम्बन्धी वा शिक्षक पेशागत विकासको तालिम प्राप्त गरेको।
५. असल आचरण भएको।
६. नेतृत्व सीप भएको।
७. विगत दुई बर्षदेखि कुनै सजाय नपाएको।

ग. माध्यमिक तह कक्षा १-१० वा कक्षा १-१२ को लागि

१. मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण गरेको।
२. सम्बन्धित तहको स्थायी शिक्षक पदमा कार्यरत रहेको।
३. कुनै राजनीतिक दलको सदस्य नभएको।
४. विद्यालय व्यबस्थापन सम्बन्धी वा शिक्षक पेशागत विकासको तालिम प्राप्त गरेको।
५. असल आचरण भएको।
६. नेतृत्व सीप भएको।
७. विगत दुई बर्षदेखि कुनै सजाय नपाएको।

परिच्छेद ४
प्रधानाध्यापक छनौट समितिको गठन तथा काम कर्तव्य र अधिकार

११.प्रधानाध्यापकको छनौट गर्नको लागि देहाय बमोजिमको प्रधानाध्यापक छनौट समिति रहनेछ।

१. प्रमुख प्रशासकीय अधिकृत	संयोजक
२. संघीय लोक सेवा आयोगको अधिकृत स्तरको कर्मचारी प्रतिनिधी	सदस्य
३. शिक्षाविद्हरु मध्येबाट समितिबाट मनोनित विज्ञ	सदस्य
४. प्रशासन महाशाखाको प्रतिनिधी	सदस्य
५. शिक्षा महाशाखाका प्रमुख	सदस्य सचिब

शिक्षाविद् मनोनित गर्दा स्नातकोत्तर तह उत्तिर्ण गरी शिक्षा वा शिक्षा प्रशासन क्षेत्रमा २० बर्ष अनुभब हासिल गरेको वा शिक्षक सेवा आयोगमा राजपत्रांकित द्वितीय श्रेणीको पदमा कम्तिमा दुई बर्ष कार्य अनुभब भएको र मुड्केचुला भन्दा बाहिरका व्यक्तिहरुमध्येबाट मनोनित गर्नुपर्ने छ।

१२. प्रधानाध्यापक छनौट समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क. शिक्षा महाशाखासंग समन्वय गरी प्रधानाध्यापक नियुक्तिको लागि सार्बजनिक सूचना प्रकाशित गर्ने।
ख. सूचनामा परेका निबेदनको रुजु गरी स्वीकृत भए नभएको अलग अलग सूची प्रकाशन गर्ने।
ग. उम्मेदबारहरुको लिखित परीक्षा सञ्चालन गर्ने गराउने।
घ. विद्यालय विकास योजनाको मूल्याङ्कन र प्रस्तुती गर्ने गराउने।
ङ उम्मेदबारहरुको अन्तरबार्ता गर्ने गराउने।
च. लिखित परीक्षा, विद्यालय विकास योजना र अन्तरबार्तामा उम्मेदबारहरुले प्राप्त गरेको अङ्क र निजले शैक्षिक योग्यता, शिक्षण अनुभव, तालिम र शैक्षिक उपलब्धी वापत् प्राप्त नंबर समेत कुल अङ्क जोडी बढी नंबर प्राप्त गर्ने उम्मेदबारहरुको नाम प्रधानाध्यापक छनौटको लागि सिफारिस गरी गाउँपालिकामा पेश गर्ने।

१३. प्रधानाध्यापक छनौट समितिले आबश्यकतानुसार यस कार्यविधिको अधिनमा रहि आफ्नो कार्यबिधि आफै बनाउन सक्नेछ।

१४ प्रधानाध्यापक छनौट समितिको सचिवालयको काम गाउँपालिकाको शिक्षा, खेलकुद तथा युवा महाशाखाले गर्नेछ।

१५ प्रधानाध्यापमा नियुक्ति भएको एक महिना भित्र निज जुन विद्यालयमा पदस्थापना हुने हो सो विद्यालयको ५ बर्षे कार्य योजना पेश गर्न लगाइनेछ।

१६. साबिकमा प्रधानाध्यापक पदमा कार्यरत शिक्षक नयाँ छनौट प्रक्रियाबाट छनौट भइ आएमा निजलाई कार्यरत विद्यालयको प्रधानाध्यापक पदमा पदस्थापना गर्नेगरी प्राथमिकता दिन सकिनेछ ।

१७. प्रधानाध्यापक छनौट समिति र काममा खटिने कर्मचारीलाई मुड्केचुला गाउँपालिकाको आर्थिक नियमको अधिनमा रहि भत्ता तथा सुबिधा उपलब्ध गराइनेछ।

१८. प्रत्येक प्रधानाध्यापकलाई नियुक्ति भएको मितिले ६ महिनासम्म परीक्षणकालमा राखिनेछ । विशेष परिस्थितमा बाहेक सामान्य अवस्थामा नियुक्ति भएका मितिले छ महिना पछिको कार्यसम्पादन न्यूनतम् ६० प्रतिसत रहन नसके प्रधानाध्यापकबाट शिक्षक पदमा फिर्ता गरी बैकल्पिक सूचीमा रहेका उम्मेदवारलाई प्रधानाध्यापकको पदमा नियुक्ती गरिनेछ । प्रधानाध्यापक पदमा पहिलो पटकका लागि ३ वर्षको कार्यकाल कायम गरिनेछ । प्रत्येक ३ वर्ष पछि प्रधानाध्यापकले पद परीक्षण योग्यता उतीर्ण गर्नु पर्नेछ । उक्त पद परीक्षण योग्यता उतीर्ण गर्न नसकेकै कारण रिक्त रहन जाने प्रधानाध्यापक पदमा खुला प्रतियोगिताबाट पदपूर्ति गरिनेछ ।

१९. नयाँ नियुक्ति भई पदस्थापना भएको प्रधानाध्यापकले विद्यालयको शैक्षिक सुधार, विकास र उन्नयनका लागि विद्यालयका पूर्ब प्रधानाध्यापक, कार्यरत शिक्षक र कर्मचारी तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक अभिभभावक संघ, वडा कार्यालयसँग समधुर सम्बन्ध स्थापना गरी तत् पदाधिकारीका अनुभब र संस्थागत संस्मरणलाई उपयोग गर्दै विद्यालयको विकासका लागि अनुकुल बाताबरण बनाउनु पर्नेछ । साथै विद्यालयका सम्पूर्ण शिक्षक कर्मचारीहरुले विद्यालयका प्रधानाध्यापकलाई सहयोग गर्नु निजहरुको दायित्व र जिम्मेवारी हुनेछ ।

२०. प्रधानाध्यापक पदमा कार्य सम्पादन करार गरी पदस्थापना गरिनेछ । प्रधानाध्यापकले समेत विद्यालयमा कार्यरत शिक्षक कर्मचारीलाई कार्यसम्पादन करार गरी परिचालन गर्नेछ । न्यूनतम् ६० प्रतिसत नतिजा हासिल गर्न नसक्ने र प्रधानाध्यापकको कार्यसम्पादनमा असहयोग गर्ने शिक्षक कर्मचारीलाई प्रधानाध्यापकले विभागीय कारबाही गर्न सक्नेछ ।

२१. प्रधानाध्यापकलाई कार्य सम्पादनका आधारमा गाउँपालिकाले थप प्रोत्साहन भत्ता प्रदान गर्न सक्नेछ । विद्यालयमा समेत आवश्यक स्रोतको प्रबन्ध गरी उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षक कर्मचारीलाई प्रोत्साहन भत्ता प्रदान गर्न सकिनेछ ।

२२. दुई हजार भन्दा बढी विद्यार्थी भएको विद्यालयमा प्रधानाध्यापकले अनुभवी र वरिष्ठ शिक्षकहरु मध्येबाट डाइरेक्टरको समेत जिम्मेवारी प्रदान गर्न सक्नेछ । साथै प्रधानाध्यापकले विद्यालयमा विषयगत विभाग गठन गरी विभिन्न विषयगत विभागहरुबिच संयोजन गर्ने गरी विद्यालयको नेतृत्वको अनुभब भएका शिक्षकलाई संयोजक तोक्न सक्नेछ ।

२३. प्रधानाध्यापक कानूनी रुपमा गाउँ शिक्षा, युवा तथा खेलकुद महाशाखाप्रति, व्यवस्थापकीय र प्रशासनिक रुपमा विद्यालय व्यवस्थापन समितिप्रति र शैक्षिक उपलव्धीका लागि विद्यार्थी र अभिभावकप्रति तथा सामुहिक नेतृत्व र पेसागत विकासका लागि शिक्षक कर्मचारीप्रति जवाफदेही रहनेछ ।

२४ प्रधानाध्यापकसँग कार्यविधिले राखेको अपेक्षाहरु देहायका रहेका छन् :

(क) कम्तिमा दश वर्षै दूरदृष्टि तय गरी विद्यालयको प्रशासन सञ्चालन

(ख) अभिभावक र बिद्यार्थीका बदलिदा अपेक्षाहरुको सम्बोधन गरी विद्यालयको सञ्चालन

(ग) शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभभावक, वडा कार्यालय, गाउँपालिका र समुदायसँग समधुर सम्बन्ध स्थापना गरी विद्यालयको नियमित र प्रभावकारी रुपमा सञ्चालन

(घ) न्यूनतम् ६० प्रतिसत शैक्षिक उपलव्धी हासिल

(ङ) शिक्षण सिकाइमा नवप्रवर्तनशीलता विकास र अबलम्बन गरी मुड्केचुलालाई शैक्षिक हबको रुपमा विकास

परिच्छेद ५
प्रधानाध्यापक छनौटको अङ्क विभाजन

२५. प्रधानाध्यापक छनौटको आधार

१. शैक्षिक योग्यता, शिक्षण अनुभव तालिम र शैक्षिक उपलब्धी बापत ४० अङ्क

क. शैक्षिक योग्यता बापत १०

न्यूनतम् शैक्षिक योग्यता बापत् ६ अङ्क: विशिष्ट श्रेणी भए ६ अङ्क, प्रथम श्रेणी भए ४ अङ्क, द्वितीय श्रेणी भए २ अङ्क र तृतीय श्रेणी भए १ अङ्क।

माथिल्लो शैक्षिक योग्यता बापत बढीमा ४ अङ्क, विशिष्ट श्रेणी भए ४ अङ्क, प्रथम श्रेणी भए ३ अङ्क, द्वितीय श्रेणी भए २ अङ्क र तृतीय श्रेणी भए १ अङ्क

ख. शिक्षण अनुभब बापत बढीमा १० अङ्क

सम्बन्धित तहमा स्थायी भै काम गरेको भए प्रत्येक बर्ष २ अङ्कको दरले र अस्थायी भै काम गरेको भए प्रत्येक बर्ष १ अङ्कको दरले १० अङ्क।

ग. ज्येष्ठता बापत ५ अङ्क।

सम्बन्धित तहमा प्रथम श्रेणीको शिक्षक भए ५ अङ्क, सम्बन्धित तहमा द्वितीय श्रेणीको शिक्षक भए ४ अङ्क, सम्बन्धित तहमा तृतीय श्रेणीको शिक्षक भए ३ अङ्क।

घ. तालिम बापत ५ अङ्क।

सेवाकालिन तालिम विशिष्ट श्रेणी भए ३ अङ्क, प्रथम श्रेणी भए २ अङ्क, द्वितीय श्रेणी भए १ अङ्क

विद्यालय व्यवस्थापन वा नेतृत्व विकास तालिम विशिष्ट श्रेणी भए २ अङ्क, प्रथम श्रेणी भए १ अङ्क।

ङ. अध्यापन गरेको विषयमा प्राप्त गरेको शैक्षिक उपलब्धी बापत् १० अङ्क

२. लिखित परीक्षा बापत १०० अङ्क

लिखित परीक्षामा बस्तुगत बहुबैकल्पिक १०० वटा प्रश्न दिइनेछ। लिखित परीक्षाको पाठ्यक्रम अनुसूचिमा २ मा दिइए बमोजिम हुनेछ।

३.विद्यालय विकास प्रस्तावको मूल्याङ्कन बापत् -३० अङ्क

क. विद्यालयको शैक्षिक, आर्थिक र व्यबस्थापकीय पक्षको विश्लेषण -१०

ख. कार्यक्रम कार्ययोजना बापत् -१०

ग. प्रस्तुतीकरण बापत् - १०

४. अन्तरबार्ता बापत् -३० अङ्क

क. व्यक्तित्व बापत् - ५

ख. नेतृत्व क्षमता बापत् -१०

ग. विषयबस्तुको ज्ञान बापत् -१०

घ. प्रस्तुती र आत्मविश्वास बापत् - ५

अन्तरबार्ता बापत् नंबर दिंदा ७० प्रतिसत भन्दा बढी र ४० प्रतिसत भन्दा कम दिनु परेमा कारण खुलाउनु पर्नेछ।

२६. विद्यालयमा कार्यरत स्थायी शिक्षकहरूमध्येबाट वरिष्ठ शिक्षकलाई प्रधानाध्यापकले सहायक प्रधानाध्यापक तोक्न सक्नेछ।

परिच्छेद ६
विविध

२७. बाधा अड्काउ फुकाउने: यो कार्यविधि कार्यान्वयनमा बाधा अड्काउ पर्न आएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ।

२८. बचाउ: शिक्षा व्यवस्थापन कार्यबिधिको परिच्छेद ९ नियम ४७ को उपनियम २ मा उल्लिखित प्रधानाध्यापक हुनको लागि कम्तिमा पाँच बर्ष स्थायी शिक्षकको रुपमा शिक्षण अनुभब भएको भन्ने वाक्यांशलाई खारेज गरिएको छ। यो कार्यविधिमा उल्लेख गरेदेखि बाहेकका अन्य विषयहरु शिक्षा व्यवस्थापन कार्यबिधिमा उल्लेख भए बमोजिम हुनेछ।

अनुसूची १
(दफा ९ को उपदफा २ सँग सम्बन्धित)

उम्मेदवारको नाम, थर : दरखास्त दिएको तह :

हाल कार्यरत विद्यालयको नाम र ठेगाना : शिक्षक संकेत नम्बर :

न्युनतम् योग्यता : श्रेणी : प्रतिसत :

उपल्लो तहको योग्यता : श्रेणी : प्रतिशत :

तालिम सम्बन्धी विवरण : तालिमको अवधि : श्रेणीः प्रतिसत

सेवाको विवरण : तल्लो तहमा अस्थायी सेवा गरेको भए : तह : सेवा अवधि :

तल्लो तहमा स्थायी सेवा गरेको भए : तह : सेवा अवधि :

सम्बन्धित तहमा अस्थायी सेवा गरेको भए : तह : सेवा अवधि :

सम्बन्धित तहमा स्थायी सेवा गरेको भए : तह : सेवा अवधि :

स्थायी ठेगाना : अस्थायी ठेगानाः

इमेल ठेगाना : सम्पर्क मोवाइल नं :

दस्तखत :

अनुसूची-२
(दफा २५ को उपदफा (२)
सँग सम्बन्धित)

<u>प्राथ मक तह (कक्षा १-५) प्रधानाध्यापक ल खत परीक्षाको पाठ्यक्रम</u>

पूर्णाङ्क : १००

समय : ३ घण्टा

१. नेपालको राष्ट्रिय शिक्षा प्रणाली

१.१ संघ, प्रदेश र स्थानीय तहको शैक्षिक सङ्गठनको संरचना र कार्यहरू

१.२ शिक्षक सेवा आयोगको सङ्गठन संरचना र कार्यहरू

१.३ राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित),२०७६

१.४ शिक्षाका राष्ट्रिय उद्देश्य र तहगत सक्षमताहरू (प्रारम्भिक बाल विकास र प्राथमिक तहको मात्र)

१.५ नेपालका विभिन्न शिक्षा आयोग तथा समितिका प्रतिवेदनहरू : २०२८, २०४९, २०५५ मा विद्यालय शिक्षा (प्रारम्भिक बाल विकास र प्राथमिक तह)

१.६ चालु आवधिक योजनामा शिक्षा

१.७ चालु आर्थिक वर्षको नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटमा शिक्षा

१.८ शिक्षा क्षेत्रका परियोजना तथा कार्यक्रमहरू : सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना, विद्यालय क्षेत्र विकास योजना र विद्यालय दिवा खाजा कार्यक्रम

२. शिक्षा सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

२.१ नेपालको संविधान : मौलिक हक, राज्यका नीतिहरू (शिक्षा सम्बन्धी), व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका, राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड

२.२ शिक्षा ऐन, २०२८

२.३ शिक्षा नियमावली, २०५९

२.४ शिक्षक सेवा आयोग नियमावली, २०५७

२.५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (शिक्षासँग सम्बन्धित मात्र)

२.६ अनिवार्य तथा निशुल्क शिक्षा ऐन, २०७५

२.७ अनिवार्य तथा निशुल्क शिक्षा नियमावली, २०७७

२.८ विद्यालय शिक्षा सम्बन्धी संघ, प्रदेश र स्थानीय तहको कानुनी जिम्मेवारीको प्रयोगको अवस्था

३. विद्यालय समुदाय सम्बन्ध

३.१ विद्यालयको विकासमा समुदायको सहभागिता र समुदायको विकासमा विद्यालय तथा शिक्षकको भूमिका

३.२ विद्यालय-समुदाय सम्बन्धका संयन्त्रहरू : स्थानीय तह, नगर/गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ

३.३ शैक्षिक सुधारका लागि विद्यालय, अभिभावक र शिक्षक सम्बन्ध तथा स्थानीय तहको भूमिका

३.४ शैक्षिक विकासमा विभिन्न सङ्घ संस्थाहरूको भूमिका : नागरिक समाज, सामुदायिक / सामाजिक तथा गैरसरकारी संस्था

३.५ विद्यालयको सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ

३.६ विद्यालय विकासमा स्रोत पहिचान, सङ्कलन र परिचालन

३.७ विद्यालय शिक्षामा सहकार्य, साझेदारी

३.८ विद्यालयमा हुने तनाव र द्वन्द्वको व्यवस्थापनमा शिक्षकको भूमिका

४ शैक्षिक योजना तथा व्यवस्थापन

४.१ शैक्षिक व्यवस्थापन : अवधारणा,सिद्धान्तहरू र कार्य

४.२ शैक्षिक योजना तर्जुमा, विकास र तिनको प्रभावकारी कार्यान्वयन

४.३ विद्यालय शिक्षाका योजनाहरू : विद्यालय सुधार योजना, गाउँ/नगर शिक्षा योजना

४.४ शैक्षिक योजनामा सरोकारवालको सहभगिता

४.५ शैक्षिक योजनामा सामाजिक न्याय र समावेशीकरण

४.६ शैक्षिक सुशासन : विद्यालय,शासन र विद्युतीय अभिलेखीकरण

४.७ विपत्का समयमा विद्यालय व्यवस्थापन र शिक्षण सिकाइमा निरन्तरता

४.८ विद्यालय तहको एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली : प्रयोग, समस्या र समाधान

५. कक्षाकोठा व्यवस्थापन तथा शैक्षणिक योजना

५.१ कक्षाकोठा व्यवस्थापन : अवधारणा, विद्यमान अवस्था, समस्या र समाधान
५.२ कक्षाकोठामा भौतिक र शैक्षणिक सामग्री तथा बसाइ व्यवस्थापन
५.३ कक्षाकोठामा मनोवैज्ञानिक पक्षको व्यवस्थापन
५.४ शैक्षणिक व्यवस्थापन : कक्षा शिक्षण, विषय शिक्षण, बहुकक्षा शिक्षण र बहुकक्षा बहुस्तर शिक्षण
५.५ विविधता व्यवस्थापन : भाषिक, सामाजिक, सिकाइ क्षमता, बौद्धिकता, शारीरिक/मानसिक अवस्था
५.६ शैक्षणिक योजना : वार्षिक कार्यतालिका, वार्षिक पाठयोजना, एकाइ तथा दैनिक पाठयोजना र शैक्षणिक योजनामा नवप्रवर्तन
५.७ कक्षा सजावट, बुक कर्नर तथा पुस्तकालय व्यवस्थापन र सिकाइका लागि प्रयोग
५.८ कक्षाकोठाको सिकाइ व्यवस्थापन र अतिरिक्त / सहकार्यकलापमा विद्यार्थी सक्रियता र परिचालन (बाल क्लब, कक्षा नेता, जवचार्ट / कक्षाकोठा नियम निर्माण र सक्रिय बाल सहभागिता)

६. बालमनोविज्ञान तथा सिकाइ

६.१ शैक्षणिक प्रक्रियामा बालविकासको उपयोग (पूर्व बाल्यावस्था र उत्तर बाल्यावस्था)
६.२ सिकारुको सिकाइमा प्रभाव पार्ने तत्वहरू
६.३ उत्प्रेरणा सिद्धान्तहरू र विद्यार्थीहरूमा उत्प्रेरणा जगाउने उपायहरू
६.४ प्रभावकारी शिक्षण सिकाइमा पृष्ठपोषण र पुनर्बलको प्रयोग
६.५ प्रारम्भिक बाल विकास तथा शिक्षाको अवधारणाको अभ्यास र व्यावहारिक रुपमा यसको प्रयोग
६.६ सिकाइमा निर्माणवादको प्रयोग
६.७ बालमैत्री विद्यालय : अवधारणा, मापदण्ड, सूचकहरू
६.८ बाल अधिकार महासन्धि, १९८९ र बालबालिकाको संरक्षणका लागि गरिएका राष्ट्रिय प्रयासहरू

७. पाठ्यक्रम तथा पाठ्यसामग्री

७.१ विद्यालय तहका पाठ्यक्रमको अध्ययन तथा विश्लेषण (प्राथमिक तह)
७.२ विद्यमान पाठ्यपुस्तकको समीक्षा (प्राथमिक तह)
७.३ पाठ्यक्रममा आधारित शिक्षण
७.४ बहुपाठ्यपुस्तक : अवधारणा, महत्व र वर्तमान अभ्यास भावी दिशा
७.५ शिक्षणका लागि शिक्षक निर्देशिका तथा सन्दर्भ सामग्रीहरूको प्रयोग
७.६ प्रभावकारी पाठ्यक्रम कार्यान्वयन र सुधारमा शिक्षकको भूमिका
७.७ स्थानीय पाठ्यक्रम : निर्माण प्रक्रिया, विद्यमान अभ्यास, समस्या र समाधान
७.८ विद्युतीय पुस्तक लगायत विद्युतीय पुस्तकालयहरुको प्रयोग

८. शिक्षामा नवीनतम् चिन्तन

८.१ समावेशी शिक्षा
८.२ मानव अधिकारमा आधारित शिक्षा
८.३ शिक्षामा लैङ्गिक समता र समानता
८.४ खुला तथा दूर शिक्षा
८.५ शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग
८.६ विशेष आवश्यकतामा आधारित शिक्षा
८.७ साक्षरता र निरन्तर शिक्षा
८.८ करेसाबारी, फूलबारी आदि व्यावहारिक शिक्षाको अभ्यास

९. शिक्षाका समसामयिक मुद्दाहरू

९.१ लोकतन्त्र र शिक्षा
९.२ विपद् व्यवस्थापन र शिक्षा
९.३ नैतिक तथा नागरिक शिक्षा
९.४ अभिभावक शिक्षा
९.५ दिगो विकास लक्ष्य र शिक्षा
९.६ बालमैत्री र दण्डरहित शिक्षा
९.७ जीवनोपयोगी सिप (life skill) र सामान्य व्यावसायिक सिप (soft skills)
९.८ बहुभाषिक तथा मातृभाषामा शिक्षा

१०. शिक्षक व्यवस्थापन तथा पेसागत विकास

१०.१ शिक्षक व्यवस्थापन : शिक्षक भर्ना र छनौट, नियुक्ति, सरुवा, बढुवा तथा शिक्षक व्यवस्थापनका समस्या र समाधानका उपायहरू
१०.२ संघीय संरचनामा शिक्षक तयारी तथा आपूर्तिमा देखिएका चुनौती र समाधान
१०.३ अध्यापन अनुमतिपत्र : अवधारणा, औचित्य, विद्यमान अवस्था र भावी दिशा
१०.४ शिक्षकको पेसागत विकासका प्रयास, उपलब्धि, समस्या र समाधानका उपायहरू र तिनको उपयोग
१०.५ शिक्षकको पेसागत विकासका अवयव, पेसागत उत्तरदायित्व र परिपालना
१०.६ विद्यालय नेतृत्व विकास : अवधारणा, र विद्यालयमा नेतृत्व विकासका उपायहरू
१०.७ शिक्षकको पेसागत विकासमा अभिभावक, शिक्षक र विद्यार्थी सञ्जाल (network) को प्रयोग
१०.८ गुणस्तरीय शिक्षा प्रवर्द्धनमा शिक्षकको पेसागत सङ्घ संस्थाको भूमिका

११. शैक्षणिक प्रक्रिया

११.१ शिक्षण विधिहरुको छनौटका आधार एवं शिक्षक र विद्यार्थी केन्द्रित शिक्षण विधिहरुको उपयुक्त प्रयोग
११.२ बालकेन्द्रित शिक्षण प्रक्रिया : अवधारणा, विद्यमान अवस्था, समस्या र प्रयोगका उपायहरू
११.३ समालोचनात्मक चिन्तन :ABC (Anticipation, Building knowledge and Consolidation) Framework को प्रयोग
११.४ सिकाइ उपलब्धि सुधारका तरिकाहरू
११.५ विद्यार्थी उपलब्धि सुधार योजना : निर्माण प्रक्रिया र कार्यान्वयन
११.६ उपचारात्मक शिक्षण : अवधारणा, विद्यमान अवस्था र यसको समुचित प्रयोग
११.७ शैक्षणिक सामग्री निर्माण, सङ्कलन र प्रयोग
११.८ कक्षा शिक्षण र सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग

१२. परीक्षा तथा मूल्याङ्कन

१२.१ मूल्याङ्कनको अवधारणा र निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनका साधनहरुको प्रयोग
१२.२ विशिष्टीकरण तालिकाको प्रयोग गरी विद्यालयमा प्रश्नपत्र र उत्तरकुञ्जिका निर्माण र प्रयोग
१२.३ परीक्षा बाहेकका मूल्याङ्कनका तरिकाहरूको प्रयोग : अवलोकन, विद्यार्थी पोर्टफोलियो व्यवस्थापन र श्रेणीमापन
१२.४ निरन्तर मूल्याङ्कन प्रणाली : मूल्याङ्कन प्रक्रिया, सूचकहरु, अभिलेखीकरण प्रक्रिया, विद्यमान अभ्यास, समस्या र समाधानका उपायहरू
१२.५ मूल्याङ्कन साधनको रूपमा रुब्रिक्स (rubrics) : निर्माण र प्रयोग
१२.६ अक्षराङ्कन (letter grading) प्रणाली : परिचय, महत्व, अभ्यास र भावी दिशा
१२.७ नतिजा तयारी, प्रश्नपत्र तथा नतिजाको विश्लेषण र प्रयोग
१२.८ नेपालमा विद्यार्थी मूल्याङ्कनमा देखिएका समस्या र समाधानका उपायहरू

१३. अनुसन्धान तथा विकास

१३.१ अनुसन्धान : उद्देश्य, महत्व, , प्रकार र प्रयोग
१३.२ विद्यालय शिक्षामा शैक्षिक अनुसन्धानको आवश्यकता र प्रतिवेदनहरूको व्यावहारिक उपयोग
१३.३ कार्यमूलक अनुसन्धानको अवधारणा र प्रक्रिया
१३.४ कार्यमूलक अनुसन्धान र अन्य अनुसन्धान बिच तुलनात्मक अध्ययन
१३.५ कार्यमूलक अनुसन्धानको प्रस्तावना लेखन, प्रतिवेदन तयारी र उपयोग
१३.६ घटना/मामला अध्ययन : परिचय, प्रक्रिया र प्रतिवेदन
१३.७ घटना/मामला अध्ययन र कार्यमूलक अनुसन्धान बिच अन्तरसम्बन्ध
१३.८ विद्यालय व्यवस्थापन तथा शिक्षण सिकाइमा सुधारका लागि शैक्षिक अनुसन्धानहरूको प्रयोग

पूर्णाङ्क : १००

समय : ३ घण्टा

आधारभुत तह (कक्षा ६-८) प्रधानाध्यापक लखित परीक्षाको पाठ्यक्रम

१. नेपालको राष्ट्रिय शिक्षा प्रणाली

१.१ संघ, प्रदेश र स्थानीय तहको शैक्षिक सङ्गठनको संरचना र कार्यहरू

१.२ शिक्षक सेवा आयोगको सङ्गठन संरचना र कार्यहरू

१.३ राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित),२०७६

१.४ शिक्षाका राष्ट्रिय उद्देश्य र तहगत सक्षमताहरू (आधारभूत तह)

१.५ नेपालका विभिन्न शिक्षा आयोग तथा समितिका प्रतिवेदनहरू : २०२८, २०४९, २०५५, २०५८ मा विद्यालय शिक्षा (आधारभूत र अनौपचारिक शिक्षा)

१.६ चालु आवधिक योजना तथा चालु आर्थिक वर्षको नेपाल सरकारको नीति र कार्यक्रममा शिक्षा

१.७ शिक्षा क्षेत्रका परियोजना तथा कार्यक्रमहरू : सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना, विद्यालय क्षेत्र सुधार कार्यक्रम, विद्यालय क्षेत्र विकास योजना र दिवा खाजा कार्यक्रम

१.८ राष्ट्रिय शिक्षा नीति, २०७६

२. शिक्षा सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

२.१ नेपालको संविधान : मौलिक हक, राज्यका नीतिहरू (शिक्षा सम्बन्धी), व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका, राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड

२.२ शिक्षा ऐन, २०२८

२.३ शिक्षा नियमावली, २०५९

२.४ शिक्षक सेवा आयोग नियमावली, २०५७

२.५ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५

२.६ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (शिक्षासँग सम्बन्धित मात्र)

२.७ अनिवार्य तथा निशुल्क शिक्षा ऐन, २०७५

२.८ अनिवार्य तथा निशुल्क शिक्षा नियमावली, २०७७

३. विद्यालय समुदाय सम्बन्ध

३.१ विद्यालयको विकासमा समुदायको सहभागिता र समुदायको विकासमा विद्यालयको भूमिका

३.२ विद्यालय-समुदाय सम्बन्धका संयन्त्रहरू : स्थानीय तह नगर/गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ

३.३ शैक्षिक सुधारका लागि विद्यालय, अभिभावक र शिक्षक सम्बन्ध तथा स्थानीय तहको भूमिका

३.४ शैक्षिक विकासमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूको भूमिका : नागरिक समाज, गैरसरकारी तथा सामुदायिक संस्था र विकास साझेदारहरू

३.५ विद्यालयको सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ

३.६ विद्यालय विकासमा स्रोत पहिचान, सङ्कलन र परिचालन

३.७ विद्यालय शिक्षामा सहकार्य, साझेदारी

३.८ विद्यालय सम्बद्ध तनाव र द्वन्द्वको व्यवस्थापनमा शिक्षकको भूमिका

४. शैक्षिक योजना तथा व्यवस्थापन

४.१ शैक्षिक व्यवस्थापन : अवधारणा, सिद्धान्तहरू र कार्य

४.२ शैक्षिक योजनाका उपागमहरू : सामाजिक माग, लागत प्रतिफल, जनशक्ति आवश्यकता, प्रणाली, र अवशिष्ट उपागम

४.३ विद्यालय शिक्षाका योजनाहरू : विद्यालय सुधार योजना, गाउँ/नगर शिक्षा योजना

४.५ शैक्षिक योजनामा सामाजिक न्याय र समावेशीकरण

४.६ शैक्षिक सुशासन : वडापत्र, विद्यालय/शासन, विद्युतीय अभिलेखीकरण

४.७ महामारी तथा विपत्का समयमा विद्यालय व्यवस्थापन र शिक्षण सिकाइमा निरन्तरता

४.८ विद्यालय तहको एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली : प्रयोग, समस्या र सुझावहरु

५. कक्षाकोठा व्यवस्थापन तथा शैक्षणिक योजना

५.१ कक्षाकोठा व्यवस्थापन : अवधारणा, विद्यमान अवस्था, समस्या र समाधान
५.२ कक्षाकोठामा भौतिक तथा शैक्षणिक सामग्रीको व्यवस्थापन र कक्षा **व्यवस्थापन**
५.३ कक्षाकोठामा मनोवैज्ञानिक व्यवस्थापन
५.४ शैक्षणिक व्यवस्थापन : कक्षा शिक्षण, विषय शिक्षण वहुकक्षा शिक्षण र वहुकक्षा बहुस्तर शिक्षण
५.५ विविधता व्यवस्थापन : भाषिक, सामाजिक, सिकाइ क्षमता, बौद्धिकता, शारीरिक/मानसिक अवस्था
५.६ शैक्षणिक योजना : वार्षिक कार्यतालिका, वार्षिक पाठयोजना, एकाइ तथा दैनिक पाठयोजना र शैक्षणिक योजनामा नवप्रवर्तन
५.७ प्रयोगशाला र पुस्तकालय व्यवस्थापन र प्रयोग
५.८ कक्षाकोठाको सिकाइ व्यवस्थापन र अतिरिक्त / सहकार्यकलापमा विद्यार्थी सक्रियता र परिचालन

६. बालमनोविज्ञान तथा सिकाइ

६.१ शैक्षणिक प्रक्रियामा बालविकासको उपयोग (पूर्व बाल्यावस्था, उत्तर बाल्यावस्था र यौवनावस्था)
६.२ सिकारुको सिकाइमा प्रभाव पार्ने तत्वहरू
६.३ उत्प्रेरणा सिद्धान्तहरू र विद्यार्थीहरूमा उत्प्रेरणा जगाउने उपायहरू
६.४ प्रभावकारी शिक्षण सिकाइमा पृष्ठपोषण र पुनर्वलको प्रयोग
६.५ अभ्यासको अवधारणा, प्रकार र उपयोग
६.६ सिकाइमा निर्माणवाद र व्यवहारवादको प्रयोग
६.७ बालमैत्री विद्यालय : अवधारणा, मापदण्ड, सूचकहरू
६.८ बाल अधिकार महासन्धि, १९८९ र बालबालिकाको संरक्षणका लागि गरिएका राष्ट्रिय प्रयासहरू

७. पाठ्यक्रम तथा पाठ्यसामग्री

७.१ विद्यालय तहका पाठ्यक्रमको अध्ययन तथा विश्लेषण (आधारभूत तह)
७.२ विद्यमान पाठ्यपुस्तकको समीक्षा (निम्न माध्यमिक तह)
७.३ पाठ्यक्रममा आधारित शिक्षण
७.४ बहुपाठ्यपुस्तक : अवधारणा, अभ्यास र भावी दिशा
७.५ शिक्षणका लागि शिक्षक निर्देशिका तथा सन्दर्भ, स्रोत सामग्रीहरूको प्रयोग
७.६ पाठ्यक्रम कार्यान्वयन र सुधारमा शिक्षकको भूमिका
७.७ स्थानीय पाठ्यक्रम : निर्माण प्रक्रिया, विद्यमान अभ्यास, समस्या र सम्भावना
७.८ विद्युतीय पुस्तक र विद्युतीय पुस्तकालयको प्रयोग (use of e-book and e-library)

८. शिक्षामा नवीनतम् चिन्तन

८.१ समावेशी शिक्षा
८.२ मानव अधिकारमा आधारित शिक्षा
८.३ शिक्षामा लैङ्गिक समता र समानता
८.४ खुला तथा दूर शिक्षा
८.५ शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग
८.६ प्राविधिक तथा व्यावसायिक शिक्षा
८.७ विशेष आवश्यकतामा आरित शिक्षा
८.८ साक्षरता र निरन्तर शिक्षा ,सामुदायिक सीकाइ केन्द्र

९. शिक्षाका समसामयिक मुद्दाहरू

९.१ लोकतन्त्र र शिक्षा
९.२ विपद् व्यवस्थापन र शिक्षा
९.३ नैतिक शिक्षा र नागरिक शिक्षा
९.४ अभिभावक शिक्षा
९.५ दिगो विकास लक्ष्य र शिक्षा
९.६ बालमैत्री र दण्डरहित शिक्षा तथा शान्ति शिक्षा
९.७ जीवनोपयोगी सिप (life skill) र सामान्य व्यावसायिक सिप (soft skills)
९.८ बहुभाषिक तथा मातृभाषामा शिक्षा
९.९ शिक्षा र सदाचार

१०. शिक्षक व्यवस्थापन तथा पेसागत विकास

१०.१ शिक्षक व्यवस्थापन : शिक्षक तयारी, नियुक्ति, सरुवा, बढुवा, वृत्ति विकास ,अवकाश तथा शिक्षक व्यवस्थापनका समस्या र समाधानका उपायहरू

१०.२ अध्यापन अनुमतिपत्र : अवधारणा, औचित्य, विद्यमान अवस्था र भावी दिशा

१०.३ शिक्षकको पेसागत विकासका प्रयास, उपलब्धि, समस्या र समाधानका उपायहरू र तिनको उपयोग

१०.४ शैक्षणिक सुपरिवेक्षण : अवधारणा, प्रक्रिया, प्रकार र उपयोग

१०.५ शिक्षकको पेसागत विकासका अवयवहरू, पेसागत उत्तरदायित्व र परिपालना ,सहयोग पद्दति

१०.६ विद्यालय नेतृत्व विकास : अवधारणा, प्रकार र छनौटका आधारहरू

१०.७ शिक्षकको पेसागत विकासमा विषयगत सञ्जाल (subjectwise network) को प्रयोग

१०.८ गुणस्तरीय शिक्षा प्रवर्द्धनमा शिक्षकको पेसागत सङ्घ संस्थाको भूमिका

११. शैक्षणिक प्रक्रिया

११.१ बालकेन्द्रित शिक्षण प्रक्रिया : अवस्था, समस्या र सम्भावनाहरू

११.२ शिक्षण विधि तथा रणनीतिहरूको छनौटका आधारहरू र तिनको व्यावहारिक प्रयोग

११.३ समालोचनात्मक चिन्तन :ABC (Anticipation, Building knowledge and Consolidation) Framework को प्रयोग, रणनीतिहरू

११.४ सिकाइ उपलब्धि सुधारका रणनीतिहरू

११.५ विद्यार्थी उपलब्धि सुधार योजना : निर्माण प्रक्रिया र कार्यान्वयन

११.६ उपचारात्मक शिक्षण : विद्यमान अवस्था र यसको समुचित प्रयोग

११.७ शैक्षणिक सामग्री निर्माण, सङ्कलन र प्रयोग

११.८ कक्षा शिक्षण र सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग

१२. परीक्षा तथा मूल्याङ्कन

१२.१ मूल्याङ्कनको अवधारणा, निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनको साधनको निर्माण तथा प्रयोग

१२.२ मूल्याङ्कन प्रक्रियामा विशिष्टीकरण तालिकाको प्रयोगको अवश्यकता तथा प्रश्नपत्र र उत्तरकुञ्जिका निर्माण

१२.३ परीक्षा बाहेकका मूल्याङ्कनका तरिकाहरूको प्रयोग : अवलोकन, घटनावृत्त अभिलेख, सञ्चित अभिलेख, विद्यार्थी पोर्टफोलियो, रुजु सूची र श्रेणीमापन

१२.४ निरन्तर मूल्याङ्कन प्रणाली : विद्यमान अभ्यास, समस्या र समाधानका उपायहरू

१२.५ मूल्याङ्कन साधनको रूपमा रुब्रिक्स (rubrics) : निर्माण र प्रयोग

१२.६ अक्षराङ्कन (letter grading) प्रणाली : परिचय, महत्व, अभ्यास र भावी दिशा

१२.७ प्रश्न विश्लेषण र नतिजा विश्लेषण तथा परीक्षणका साधनको विश्वसनीयता र वैधता

१२.८ नेपालमा विद्यार्थी मूल्याङ्कनमा देखिएका समस्या र समाधानका उपायहरू

१३. अनुसन्धान तथा विकास

१३.१ अनुसन्धान : उद्देश्य, महत्व, प्रकार र प्रयोग

१३.२ विद्यालय शिक्षामा शैक्षिक अनुसन्धानको आवश्यकता र प्रतिवेदनहरूको व्यावहारिक उपयोग

१३.३ कार्यमूलक अनुसन्धानको अवधारणा र प्रक्रिया

१३.४ कार्यमूलक अनुसन्धान र अन्य अनुसन्धान बिच तुलनात्मक अध्ययन

१३.५ कार्यमूलक अनुसन्धानको प्रस्तावना लेखन, प्रतिवेदन तयारी र उपयोग

१३.६ घटना/मामला अध्ययन : परिचय, प्रक्रिया र प्रतिवेदन

१३.७ घटना/मामला अध्ययन र कार्यमूलक अनुसन्धान बिच अन्तरसम्बन्ध

१३.८ विद्यालय व्यवस्थापन तथा शिक्षण सिकाइमा सुधारका लागि शैक्षिक अनुसन्धानहरूको प्रयोग

पूर्णाङ्क : १००

समय : ३ घण्टा

माध्यिमक तह प्रधानाध्यापक ल खत परीक्षाको पाठ्यक्रम

१. नेपालको राष्ट्रिय शिक्षा प्रणाली

१.१ संघ, प्रदेश र स्थानीय तहको शैक्षिक सङ्गठनको संरचना तथा कार्यहरू
१.२ शिक्षक सेवा आयोगको सङ्गठनात्मक स्वरूप र कार्यहरू
१.३ विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित),२०७६
१.४ शिक्षाका राष्ट्रिय उद्देश्य र तहगत सक्षमताहरू
१.५ नेपालका विभिन्न शिक्षा आयोग तथा समितिका प्रतिवेदनहरू : २०११, २०१८ ,२०२८, २०४९, २०५५, २०५८ मा विद्यालय शिक्षा
१.६ चालु आवधिक योजना तथा चालु आर्थिक वर्षको नेपाल सरकारको नीति र कार्यक्रममा शिक्षा
१.७ शिक्षा क्षेत्रका परियोजना तथा कार्यक्रमहरू : सबैका लागि शिक्षा, राष्ट्रिय कार्ययोजना, शिक्षक शिक्षा आयोजना, माध्यमिक शिक्षा सहयोग कार्यक्रम, विद्यालय क्षेत्र सुधार कार्यक्रम, विद्यालय क्षेत्र विकास योजना, राष्ट्रिय प्रारम्भिक पढाइ सिप कार्यक्रम तथा अन्य विभिन्न कार्यक्रमहरू (दिवा खाजा कार्यक्रम, नमुना विद्यालय कार्यक्रम, प्राविधिक विद्यालय धार सम्बन्धी कार्यक्रम)
१.८ राष्ट्रिय शिक्षा नीति, २०७६

२. शिक्षा सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

२.१ नेपालको संविधान : मौलिक हक, राज्यका नीतिहरू, व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका, संवैधानिक निकायहरू, राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड
२.२ शिक्षा ऐन, २०२८
२.३ शिक्षा नियमावली, २०५९
२.४ शिक्षक सेवा आयोग नियमावली, २०५७
२.५ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५
२.६ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (शिक्षासँग सम्बन्धित मात्र)
२.७ अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५
२.८ अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली, २०७७

३. विद्यालय समुदाय सम्बन्ध

३.१ विद्यालयको विकासमा समुदायको सहभागिता र समुदायको विकासमा विद्यालयको भूमिका
३.२ विद्यालय/सामुदाय सम्बन्धका संयन्त्रहरू : शिक्षक अभिभावक सङ्घ (PTA), विद्यालय व्यवस्थापन समिति, नगर/गाउँ शिक्षा समिति
३.३ शैक्षिक सुधारका लागि विद्यालय, अभिभावक र शिक्षक तथा स्थानीय सरकारको भूमिका
३.४ शैक्षिक विकासमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूको भूमिका : गैरसरकारी संस्था, सामुदायिक संस्था, नागरिक समाज र विकास साझेदारहरू
३.५ विद्यालयको सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ
३.६ विद्यालय विकासमा स्रोत पहिचान, सङ्कलन तथा परिचालन
३.७ विद्यालय शिक्षामा सहकार्य र साझेदारी
३.८ माहमारी तथा तनाव व्यवस्थापन, सङ्कट व्यवस्थापन र द्वन्द्व व्यवस्थापनमा शिक्षकको भूमिका

४. शैक्षिक योजना तथा व्यवस्थापन

४.१ शैक्षिक व्यवस्थापन : अवधारणा, कार्य र सिद्धान्तहरू
४.२ शैक्षिक योजनाका उपागमहरू : सामाजिक माग, लागत प्रतिफल, जनशक्ति आवश्यकता प्रणाली र अवशिष्ट उपागम
४.३ नेपालका शैक्षिक योजनाहरू : विद्यालय सुधार योजना, गाउँ/नगर शिक्षा योजना
४.४ विद्यालय तहको शैक्षिक योजना तर्जुमा, कार्यान्वयन र अनुगमन
४.५ शैक्षिक योजनामा सामाजिक न्याय र समता
४.६ शैक्षिक सुशासन : वडापत्र, विद्युतीय विद्यालय प्रशासन, विद्युतीय अभिलेखीकरण र वर्तमान विद्यालय तहको एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली
४.७ महामारी तथा विपत्का समयमा विद्यालय व्यवस्थापन
४.८ सहकार्यकलाप तथा अतिरिक्त कार्यकलापको योजना र व्यवस्थापन

५. कक्षाकोठा व्यवस्थापन तथा शैक्षणिक योजना

५.१ कक्षाकोठा व्यवस्थापन : अवधारणा, विद्यमान अवस्था, समस्या र समाधान
५.२ कक्षाकोठामा भौतिक तथा शैक्षणिक सामग्रीको व्यवस्थापन
५.३ कक्षा सजावट एवम् कक्षाकोठा व्यवस्थापनमा विद्यार्थी परिचालन
५.४ कक्षाकोठामा मनोवैज्ञानिक व्यवस्थापन
५.५ शैक्षणिक व्यवस्थापन : कक्षा शिक्षण, विषय शिक्षण बहुकक्षा शिक्षण र बहुकक्षा बहुस्तर शिक्षण
५.६ निर्देशन र परामर्श (guidance and counceling)
५.७ विविधता व्यवस्थापन : भाषिक, सामाजिक, सिकाइ क्षमता, बौद्धिकता, शारीरिक/मानसिक अवस्था
५.८ शैक्षणिक योजना : वार्षिक कार्यतालिका, वार्षिक शैक्षणिक योजना, एकाइ योजना, दैनिक पाठयोजना र शैक्षणिक योजनामा नवप्रवर्तन
५.९ विद्यालयमा प्रयोगशाला , पुस्तकालय व्यवस्थापन र वर्तमान अवस्था

६. बालमनोविज्ञान तथा सिकाइ

६.१ मानव वृद्धि र विकासको अवधारणा
६.२ बालमनोविज्ञान र सिकाइ बिचको अन्तर सम्बन्ध एवम् शैक्षणिक प्रक्रियामा बाल विकासको उपयोग
६.३ सिकारुको सिकाइमा प्रभाव पार्ने तत्वहरू
६.४ सिकाइका प्रमुख सिद्धान्तहरू र शिक्षण सिकाइमा तिनको उपयोग
६.५ उत्प्रेरणाका सिद्धान्तहरू र विद्यार्थीहरूमा उत्प्रेरणा जगाउने उपायहरू
६.६ पृष्ठपोषण, पुनर्वलको प्रयोग
६.७ बालमैत्री विद्यालय : अवधारणा, मापदण्ड र सूचकहरू
६.८ बाल अधिकार महासन्धि, १९८९ र बालअधिकार संरक्षणका लागि गरिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयासहरू

७. पाठ्यक्रम तथा पाठ्यसामग्री

७.१ विद्यालय तहका पाठ्यक्रमको अध्ययन तथा विश्लेषण
७.२ विद्यमान पाठ्यपुस्तकको समीक्षा
७.३ पाठ्यक्रममा आधारित शिक्षण
७.४ बहुपाठ्यपुस्तक : अवधारणा, अभ्यास र भावी दिशा
७.५ शिक्षक निर्देशिकाको प्रयोग एवम् शिक्षणका लागि सन्दर्भ र स्रोत सामग्रीहरूको प्रयोग
७.६ पाठ्यक्रम निर्माण प्रक्रिया तथा पाठ्यक्रम मूल्याङ्कन, परिमार्जन र कार्यान्वयन
७.७ स्थानीय पाठ्यक्रम : निर्माण प्रक्रिया, विद्यमान अभ्यास, समस्या र सम्भावना
७.८ विद्युतीय पुस्तक र विद्युतीय पुस्तकालयको प्रयोग (use of e-book and e-library)

८. शिक्षामा नवीनतम् चिन्तन

८.१ समावेशी शिक्षा
८.२ मानव अधिकारमा आधारित शिक्षा
८.३ शिक्षामा लैङ्गिक समता र समानता
८.४ खुला तथा दूर शिक्षा
८.५ शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग

८.६ प्राविधिक तथा व्यावसायिक शिक्षा
८.७ विशेष आवश्यकता शिक्षा
८.८ अनौपचारिक तथा वैकल्पिक शिक्षा

९. शिक्षाका समसामयिक मुद्दाहरू

९.१ लोकतन्त्र र शिक्षा
९.२ मानव मूल्यमा आधारित शिक्षा
९.३ नागरिक शिक्षा र अभिभावक शिक्षा
९.४ दिगो विकासका लक्ष्य (SDG) मा शिक्षा
९.५ बालमैत्री र दण्डरहित शिक्षा
९.६ जीवनोपयोगी सिप (life skill) र सामान्य व्यावसायिक सिप (soft skills)
९.७ बहुभाषिक तथा मातृभाषामा शिक्षा

१०. शिक्षक व्यवस्थापन तथा पेसागत विकास

१०.१ शिक्षक व्यवस्थापन : शिक्षक तयारी, नियुक्ति, सरुवा, वृत्ति विकास, बढुवा र अवकाश तथा शिक्षक व्यवस्थापनमा देखिएका समस्या र समाधानका उपायहरू

१०.२ अध्यापन अनुमतिपत्र : अवधारणा, औचित्य, विद्यमान अवस्था, समस्या र समाधान

१०.३ शिक्षकको पेसागत विकासका अवयवहरू, तिनको उपयोग तथा वृत्ति विकास र पेसागत विकास बीच अन्तरसम्बन्ध

१०.४ शैक्षणिक सुपरिवेक्षण : अवधारणा, प्रक्रिया, प्रकार र उपयोग

१०.५ शिक्षकको पेसागत दक्षता अभिवृद्धिका लागि शैक्षणिक सुपरिवेक्षणको भूमिका तथा शैक्षणिक सुपरिवेक्षणमा प्रधानाध्यापक र स्थानीय सरकारको भूमिका

१०.६ शिक्षकको आचारसंहिता र पेसागत नैतिक मूल्य, मान्यता र उत्तरदायित्व

१०.७ विद्यालय नेतृत्व विकास : अवधारणा, प्रकार, सिद्धान्त र छनौटका आधारहरू

१०.८ गुणस्तरीय शिक्षा प्रवर्द्धनमा शिक्षकको पेसागत सङ्घ संस्थाको भूमिका

११. शैक्षणिक प्रक्रिया

११.१ विद्यार्थी केन्द्रित र शिक्षक केन्द्रित शिक्षण विधिहरू

११.२ शिक्षण विधिको छनौटका आधारहरू र तिनको प्रयोग

११.३ समालोचनात्मक चिन्तन: ABC (Anticipation, Building knowledge and Consolidation) Framework को प्रयोग र रणनीतिहरू तथा परियोजना र समस्यामा आधारित सिकाइ

११.४ सिकाइ उपलब्धि सुधारका रणनीतिहरू

११.५ विद्यार्थी उपलब्धि सुधार योजना : अवधारणा, महत्व, निर्माण प्रक्रिया र कार्यान्वयन

११.६ उपचारात्मक शिक्षण : अवधारणा, अभ्यास र भावी दिशा

११.७ शैक्षणिक सामग्री निर्माण, सङ्कलन र प्रयोग

११.८ कक्षा शिक्षण तथा सिकाइमा विद्युतीय / अनलाइन प्रविधिको प्रयोग

१२. परीक्षा तथा मूल्याङ्कन

१२.१ मूल्याङ्कनको अवधारणा तथा निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनका साधनको निर्माण तथा प्रयोग

१२.२ मूल्याङ्कन प्रक्रियामा विशिष्टीकरण तालिकाको प्रयोग गरी प्रश्नपत्र र उत्तरकुञ्जिका निर्माण एवम् प्रयोग

१२.३ निरन्तर मूल्याङ्कन प्रणाली : विद्यमान अभ्यास, समस्या र समाधानका उपायहरू

१२.४ निदानात्मक/उपचारात्मक मूल्याङ्कन र सुधारात्मक शिक्षणको प्रयोग

१२.५ अक्षराङ्कन (letter grading) प्रणाली : परिचय, महत्व अभ्यास र भावी दिशा

१२.६ राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका स्तरीकृत मूल्याङ्कनका साधनहरू तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण (NASA) को अभ्यास : परीक्षण साधन विकास, परीक्षण तथा प्रतिवेदनहरूको प्रयोग

१२.७ प्रश्न तथा नतिजा विश्लेषण एवम् मूल्याङ्कनका साधनहरूको विश्वसनीयता र वैधता

१२.८ नेपालको विद्यार्थी मूल्याङ्कनमा देखिएका समस्या र समाधानका उपायहरू

१३. अनुसन्धान तथा विकास

१३.१ अनुसन्धान : उद्देश्य, महत्व, प्रकार र प्रयोग

१३.२ विद्यालय शिक्षामा शैक्षिक अनुसन्धानको आवश्यकता र प्रतिवेदनहरूको व्यावहा

१३.३ कार्यमूलक अनुसन्धानको अवधारणा र प्रक्रिया

१३.४ कार्यमूलक अनुसन्धान र अन्य अनुसन्धान बिच तुलनात्मक अध्ययन

१३.५ कार्यमूलक अनुसन्धानको प्रस्तावना लेखन, प्रतिवेदन तयारी र उपयोग

१३.६ घटना/मामला अध्ययन : परिचय, प्रक्रिया र प्रतिवेदन

१३.७ घटना/मामला अध्ययन र कार्यमूलक अनुसन्धान बिच अन्तरसम्बन्ध

१३.८ विद्यालय व्यवस्थापन तथा शिक्षण सिकाइमा सुधारका लागि शैक्षिक अनुसन्धान

आज्ञाले,

प्रमाणिकरण मिति :

(रेशम महतारा)

प्रमुख प्रशासकीय अधिकृत